UNITED NATIONS NATIONS UNIES

## संयुक्त राष्ट्रसंघको प्रेस विज्ञप्ति
## २ साउन २०६४ [१८ जुलाई २००७]

### राष्ट्रसंघीय निर्वाचन विशेषज्ञ अनुगमन टोलीद्वारा नेपाल सरकारलाई प्रेषित प्रतिवेदन

सुरक्षा परिषद्को निर्णय १७४० बमोजिमको कार्यादेशअन्तर्गत स्थापना गरिएको राष्ट्रसंघीय निर्वाचन विशेषज्ञ अनुगमन टोली (ईईएमटी) को पहिलो प्रतिवेदन महासचिवद्वारा सरकार र प्रमुख निर्वाचन आयुक्तलाई १ साउन २०६४ [१७ जुलाई २००७] मा पेश गरियो।

निर्वाचन प्रक्रिया नेपाली जनताको चाहनालाई सही रूपमा प्रतिविम्बित गर्नेतर्फ उन्मुख भई अघि बढिरहेको छ कि छैन भन्ने निर्धारण गर्नका लागि महासचिवद्वारा नियुक्त गरिएको एवं डा. राफेल लोपेज-पिन्टोरको नेतृत्व रहेको यो पाँच सदस्यीय टोली निर्वाचन प्रक्रियाको नियमितरूपमा मूलयाङ्कन गर्न जिम्मेवार छ। ईईएमटीले निर्वाचन प्रक्रियाका महत्वपूर्ण चरणहरूमा नेपालमा भ्रमण गर्नेछ। टोलीले २८ जेठ देखि ९ असार २०६४ [११ देखि २३ जुन २००७] मा पहिलो भ्रमण गरेको थियो।

यस प्रतिवेदनले निर्वाचन तयारीको मूल्याङ्कनको लागि मापदण्डहरू निर्धारण गरेको छ। यी मापदण्डहरू सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौताको धारा २५ अन्तर्गतका लोकतान्त्रिक मान्यताहरूमा आधारित छन्: अध्यावधिक निर्वाचन; सर्वव्यापी एवं समान मताधिकार; सार्वजनिक पदमा उम्मेदवार हुन पाउने अधिकार; मतदानको अधिकार; गोप्य मत; जनताको चाहनालाई स्वतन्त्ररूपमा अभिव्यक्त गर्ने अर्थपूर्ण निर्वाचन।

निर्वाचन प्रक्रियाको लागि सुरक्षाको अवस्था नै सबैभन्दा गम्भीर चुनौती रहेको ईईएमटीको धारणा छ। त्यसैले निर्वाचनभन्दा धेरै अगाडि नै सुरक्षाबारे सहमतिमा पुग्न राजनीतिक नेताहरूलाई प्रोत्साहन गर्नुका साथै उपयुक्त आचारसंहितामा गरिएका हस्ताक्षरलाई दलका कार्यकर्ताहरूमाझ व्यापकरूपमा वितरण गर्नुपर्ने ईईएमटीको सुझाव छ।

प्रतिवेदनको निष्कर्षअनुसार निर्वाचनमा प्रतिनिधित्वको लागि प्रस्तावित सुत्र सामान्य लोकतान्त्रिक मापदण्डअनुरूप छ र यसले सर्वव्यापी मताधिकारका साथै कानुनी प्रावधानको पालना गर्ने सबै व्यक्ति र राजनीतिक दलहरूलाई निर्वाचनमा प्रतिस्पर्धा गर्ने अधिकार सुनिश्चत गर्छ। यद्यपि ईईएमटीले संविधानसभा सदस्य निर्वाचन ऐनको धारा ७ प्रति आपत्ति जनाएको छ जसअनुसार नतिजा सार्वजनिक भएपछि केन्द्रीय दल समितिले समानुपातिक प्रतिनिधित्व मतद्वारा जितिएका पदहरू उम्मेदवारहरूका लागि छुट्याउनेछ। यो प्रक्रिया उत्कृष्ट प्रयास तथा लोकतान्त्रिक विधिभन्दा

बाहिर पर्छ किन कि यसले विशिष्ट राजनीतिक वर्गको नियन्त्रणलाई बलियो बनाउँछ र मतदाताहरूको स्वतन्त्र चयनमा बाधा पुर्‍याउँछ।

राजनीतिक दलहरूले सामान्यतया निर्वाचन आयोगलाई एक स्वतन्त्र संवैधानिक अङ्गको रूपमा मान्दै र स्वीकार्दै आएको कुरा ईईएमटीले उल्लेख गरेको छ। केही समूहहरूले मतदाता नामावलीको गुणस्तरीयताबारे असन्तुष्टि व्यक्त गरे तापनि मतदाता दर्ता प्रक्रिया सामान्यतया सकारात्मक रहेको मूल्याङ्कन भएको छ।

निर्वाचनबारे जनताको चेतना बढाउनका लागि विस्तृत तथा व्यापक नागरिक र मतदाता शैक्षिक अभियान शुरू गर्न र राज्यद्वारा संचालित आमसञ्चारमा सबै राजनीतिक दलहरूको समान पहुँच सुनिश्चत गर्न निर्वाचन आयोगले संविधानसभा चुनावको लागि नियम–विधिको कार्यान्यवन गर्नुपर्ने कुरामा ईईएमटीले जोड दिएको छ।

जातीय समुदायहरूको सहभागिता बढाउनका लागि दर्ताको समयावधि लम्ब्याएर नयाँ राजनीतिक दलहरूलाई प्रक्रियामा समावेश हुने मौका प्रदान गर्नेबारे विचार गर्न निर्वाचन आयोगलाई ईईएमटीको सुझाव छ। मंसिर २०६४ को चुनावको लागि तोकिएको दर्ताको आखिरी मिति बैशाखमा नै सकिसक्यो।